सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित



(२०७९ माघ - चैत्र)

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## कोशी प्रदेश, विराटनगर, नेपाल

२०८० बैशाख

# विषयसूची


| सि.नं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृति | १ |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकार | १ |
| ३. | मन्त्रालयको संगठन संरचना | ५ |
| ४. | मन्त्रालयले प्रदान गर्ने सेवाहरु | ७ |
| ५. | मन्त्रालयबाट प्रदान गरिने सेवासम्बन्धी शाखा र जिम्मेवार अधिकारी | ७ |
| ६. | आ.व. २०७९/०८० माघ, फाल्गुण र चैत्र महिनामा यस मन्त्रालयबाट सम्पादित कार्यहरु | ८ |
| ७. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | १६ |
| ८. | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि | १६ |
| ९. | निर्णय गर्ने प्रकृया र अधिकारी | १६ |
| १०. | मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पद | १६ |
| ११. | यस मन्त्रालयको वेवसाइट तथा ईमेल ठेगानाहरु | १७ |

## १.	आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्वरूप र प्रकृतिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर, प्रदेश सरकारको नीति निर्माण एवम् कार्यान्वयन गर्ने निकाय हो। नेपालको संविधानको अनुसूची ६ मा रहेको प्रदेश सरकारको अधिकारको सूचीबमोजिम यस मन्त्रालयले मूख्यत शान्ति सुरक्षा, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान ब्युरो, बिपद् ब्यवस्थापन, द्वन्द ब्यवस्थापन, कानून, न्याय, सञ्चार तथा प्रदेश सभा मामिला र प्रदेश कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दछ । प्रदेश सरकारको काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी वनाउन शान्ति सुरक्षा साथै ऐन-कानूनको मस्यौदा तयार गर्ने, विभिन्न मन्त्रालयबाट राय माग भई आएका विषयमा सहमति प्रदान गर्ने लगायतका काम यस मन्त्रालयबाट सम्पादन हुँदै आएको छ । यसका अतिरिक्त प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ तथा कार्य सम्पादन नियमावली, २०७९ ले प्रदान गरेको अन्य जिम्मेवारीसमेत सम्पादन गर्दै आएको छ ।

## २.	आन्तरिक मामिला तथा कानून मन्त्रालयको काम, कर्तव्य र अधिकारः

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ का अनुसार आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्य जिम्मेवारी यस प्रकार रहेको छ -

१.	प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,
२.	अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
३.	संघीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
४.	संघीय कानून बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,
५.	प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,
६.	लागू औषध तथा मानव बेचविखन नियन्त्रण,
७.	लागू औषध दुर्व्यसनी र मानव बेचविखनमा परेकाको उपचार र पुनर्स्थापना,
८.	अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,
९.	प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

१०. सामुदायिक प्रहरी,
११. प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,
१२. विवाद व्यवस्थापन,
१३. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,
१४. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,
१५. अन्तर प्रदेश सुरक्षा, यातायात, आपूर्ति समन्वय र सम्बन्ध,
१६. स्थानीय प्रशासनसँग समन्वय, सञ्चालन र व्यवस्थापन,
१७. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय, सहकार्य र सहयोग,
१८. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन तथा अनुसन्धान,
१९. विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणका लागि सम्बन्धित मन्त्रालयसँग समन्वय र सहकार्य,
२०. विपद् पूर्वसूचना प्रणाली सञ्जाल व्यवस्थापन र कार्यान्वयन,
२१. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
२२. प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. प्रदेश सरकारको तर्फबाट गरिने सभा समारोहको व्यवस्थापन,
२४. अतिविशिष्ट तथा विशिष्ट व्यक्तिको लागि सवारी साधन तथा आवास व्यवस्थापन,
२५. प्रदेशस्तरमा दीगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना,
२६. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,
२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
२८. प्रदेशका विषयगत मन्त्रालयले मस्यौदा गरेको ऐन, नियम र गठन आदेशको तर्जुमा सुधार,
२९. अध्यादेशको तर्जुमा र सो सँग सम्बन्धित काम,
३०. प्रदेश कानून तर्जुमाका लागि राय तथा सहमति,
३१. प्रदेश कानूनको एकीकरण, संहिताकरण तथा अभिलेख व्यवस्थापन,
३२. प्रदेश कानूनको प्रकाशन तथा वितरण,
३३. प्रदेशका महत्वपूर्ण कानूनी लिखतहरुको अभिलेख व्यवस्थापन,
३४. प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन र प्रकाशन एवम् सबै सार्वजनिक निकायमा प्राप्त हुने गरी प्रदेश राजपत्रको वितरण व्यवस्थापन,

३५. संघबाट प्रकाशित नेपाल राजपत्रको प्राप्ति, अभिलेख र सबै प्रदेश मन्त्रालय र आयोगमा वितरण व्यवस्थापन,

३६. प्रदेश सरकारका मन्त्रालय र निकायबाट दातृनिकाय र नीजि क्षेत्रसँग हुने करार वा सम्झौताको मस्यौदा तर्जुमामा सहयोग र सो सम्बन्धी कानूनी राय,

३७. संघीय तथा प्रदेश कानूनको कार्यान्वयन,

३८. मन्त्रालय र प्रदेश कानून बमोजिम गठित आयोग, निकाय र प्राधिकरणलाई कानूनी राय,

३९. प्रदेश सरकारको हकहित सरोकार भएको मुद्दामा भएको फैसला र आदेशको अभिलेख व्यवस्थापन र कार्यान्वयन,

४०. न्यायिक निकायले गरेका फैसला कार्यान्वयनमा सहयोग र सहजिकरण,

४१. प्रदेश सभा सदस्य र अन्य पदाधिकारीको सेवा, सुविधा सम्बन्धी कानून तर्जुमा,

४२. प्रदेश सरकारको निर्णय बमोजिम प्रदेश सभामा विधेयक प्रस्तुत गर्ने विषय,

४३. प्रदेश सभासँगको समन्वय,

४४. प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानून, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४५. यातायात सम्बद्ध कार्यालयहरुको व्यवस्थापन सुधार सहित आधुनिक र विश्वसनीय प्रविधिको प्रयोग एवं व्यवस्थापन गरी प्रदेशमा नागरिकलाई झन्झटरहित, बिचौलियारहित, अनियमिततारहित र सुशासनको पूर्ण प्रत्याभूति सहित सवारी दर्ता र नवीकरण, सार्वजनिक यातायातको रुट अनुमति, चालक अनुमति र नवीकरण लगायत यातायात सम्बद्ध कार्य र सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन,

४६. सवारी चालक अनुमती सम्बन्धी प्रत्येक ट्रायल परीक्षाको सीसी क्यामेरा वा भिडियो क्यामराको प्रयोगद्वारा भिडियो तयारी र सोको डिजिटल रेकर्डको व्यवस्थापन र परीक्षार्थीको फोटो सहितको पूर्ण डिजिटलयुक्त विवरण सहितको प्रतिवेदन र अनुगमन,

४७. प्रदेशभित्र सार्वजनिक यातायातको मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४८. वातावरणमैत्री, अपाङ्गतामैत्री, जेष्ठ नागरिक मैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन तथा व्यवस्थापन,

४९. सवारी प्रदुषण अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

५०. सुरक्षित यातायात र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

५१. प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,

५२. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

५३. प्रदेशभित्र सूचना प्रविधिको प्रवर्द्धन, टेलिसेन्टर र सूचना प्रविधि पार्कको निर्माण, व्यवस्थापन, सञ्चालन र नियमन,

५४. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नविकरण र अनुगमन,

५५. प्रदेश सरकार मातहतका निकायहरुमा सफ्टवेयरको प्रयोग र अन्तआवद्धता, सफ्टवेयरको मापदण्ड निर्धारण, सफ्टवेयरमा प्रविष्ट तथ्याङ्कको सुरक्षा र दुरुपयोग नियन्त्रणको प्रत्याभूति,

५६. साइवर सुरक्षा अनुगमन,

५७. छापा सञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, बर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,

५८. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

५९. श्रमजीवि सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

६०. प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

६१. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

६२. चलचित्र निर्माण, सिनेमा हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

६३. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण, जग्गा वा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

६४. भूमी व्यवस्थापन, भू–उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

६५. प्रदेश संरचना निर्माणका लागि संघ वा स्थानीय तहसँग समन्वय गरी उपयुक्त सरकारी वा सार्वजनिक जग्गाको खोजी र प्राप्ति गर्ने । साथै, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन एवं स्थानीय प्रशासन तथा स्थानीय तहसँगको समन्वय र सहकार्यमा संरक्षण,

६६. संघीय सरकारबाट भूमि सम्बन्धी नक्सा, भौगोलिक सूचना र अभिलेख प्राप्त गर्ने विषय, प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन,

६७. नाप नक्साका नियन्त्रण विन्दूहरुको सञ्जाल स्थापना,

६८. क्रमबद्ध कित्ता नापी र भूमी लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

६९. भूमिहीनको जीविकोपार्जन र पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

७०. प्रदेशको स्वामित्वमा रहेको सरकारी जग्गा भाडामा दिने वा उपयोग गर्ने सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

७१. गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,

७२. अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी सम्पूर्ण विषयहरु ।

## ३. मन्त्रालयको संगठन संरचनाः

यस मन्त्रालयको विद्यमान स्वीकृत वर्तमान सांगठनिक संरचना अनुसार ४ वटा महाशाखा, ११ वटा शाखाहरु र ५८ जनाको दरवन्दी रहेको छ।

# आन्तरिक मामिला तथा कानून मन्त्रालयको संगठन संरचना र दरबन्दी विवरण

*नोट :- मन्त्रालय अन्तर्गतका निकायहरुको विवरण अनुसूची १ बमोजिम हुनेछन् ।*

- **मन्त्री**
  - **सचिवालय**
    - शा.अ.-७/८(प्र.सा.प्र.)- १
    - सहायक/अधिकृत/सा.प्र.)- १
  - **प्रदेश सचिव**
    - (रा.प.प्रथम/प्र.).- १
    - **सचिवालय**
      - सहायक/अधिकृत ५/६- १
    - **प्रशासन तथा योजना महाशाखा**
      - उपसचिव (प्र./सा.प्र.)- ९/१०- १
      - **संचार तथा सूचना प्रविधि शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - कम्प्यूटर ईन्जिनियर- ७/८(प्र./विविध)- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
        - कम्प्युटर सहायक/अधिकृत प्र./विविध- २
      - **प्रशासन तथा योजना शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक/अधिकृत (प्र./सा.प्र.)- ५/६- १
        - कम्प्यूटर सहायक/अधिकृत (विविध)- ५/६- १
        - सहायक (प्र./सा.प्र.)- ४- १
        - ह.स.चा.- ५
        - का.स.- ७
      - **आर्थिक प्रशासन शाखा**
        - ले.अ.(प्र./ले.)- ७/८- १
        - सहायक/अधिकृत (प्र./ले.)- ५/६- १
      - **भूमि व्यवस्थापन शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक-अधिकृत(प्र.सा.प्र.)- ५/६- १
        - नापि अ.- ७/८ (ई(सर्भे))- १
        - सर्भेयर- ५ (ई(सर्भे))- १
        - सहायक (प्र./सा.प्र)- ४- १
    - **यातायात व्यवस्था महाशाखा**
      - उपसचिव (प्र./सा.प्र.)- ९/१०- १
      - **प्राविधिक शाखा**
        - ईन्जिनियर (ईन्जि/मे/नि.उ.स.)- ७/८- १
        - सहायक-अधिकृत (ईन्जि/मे/नि.उ.स.) ५/६- ३
      - **यातायात व्यवस्था शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक-अधिकृत(प्र.सा.प्र.)- ५/६- २
        - सहायक (ईन्जि/मे/नि.उ.स.)- ४- १
        - कम्प्युटर सहायक/अधिकृत प्र./विविध- १
    - **शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा**
      - उपसचिव (प्र.सा.प्र)- ९/१०- १
      - **विपद् व्यवस्थापन शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- २
        - सहायक (प्र./सा.प्र.)- ४- १
      - **प्रहरी प्रशासन तथा अनुसन्धान शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
      - **शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा**
        - शा.अ.(प्र./सा.प्र.)- ७/८- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
    - **कानून तथा प्रदेश सभा मामिला महाशाखा**
      - उपसचिव (न्याय, कानून,)- ९/१०- १
      - **कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा**
        - कानून अ.(न्याय कानून)- ७/८- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १
        - कम्प्यूटर सहायक/अधिर्कत (विविध)- ५/६- १
      - **प्रदेश सभा मामिला तथा कानून प्रकाशन शाखा**
        - कानून अ.(न्याय,कानून)- ७/८- १
        - सहायक/अधिकृत(प्र.सा.प्र.)- ५/६- १

४. यस मन्त्रालयले प्रदान गर्ने सेवाहरु बुँदा नं. २ मा उल्लेख भए वमोजिम हुनेछ ।

५. यस मन्त्रालयबाट प्रदान गरिने सेवासम्वन्धी शाखा र जिम्मेवार अधिकारी निम्नअनुसार रहनु भएको छ ।

## महाशाखा तथा शाखागत जिम्मेवार अधिकारी

१. प्रशासन तथा योजना महाशाखा : श्री अर्जुन निरौला (उपसचिव)

२. यातायात व्यवस्था महाशाखा : श्री अर्जुन निरौला (उपसचिव)

३. शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा : श्री अर्जुन निरौला (उपसचिव)

४. कानून तर्जुमा महाशाखा : श्री गणेश नायक (कानून उपसचिव)

५. माननीय मन्त्रीज्यूको सचिवालय एवम् आर्थिक सहायता रुजु अधिकारीः श्री राजेन्द्रप्रसाद पोखरेल (शाखा अधिकृत)

६. प्रशासन तथा योजना शाखा : श्री चुडामणी गुरागाईं (शाखा अधिकृत)

७. कानून सम्पादन तथा प्रकाशन शाखा : श्री सुनिल रेग्मी (कानून अधिकृत)

८. कानून तर्जुमा तथा फैसला कार्यान्वय शाखा : श्री सुनिल रेग्मी (कानून अधिकृत)

९. विपद् व्यवस्थापन शाखा : श्री चुडामणी गुरागाईं (शाखा अधिकृत)

१०. प्रहरी प्रशासन तथा अनुसन्धान शाखा : श्री बाबुराम शर्मा लुईटेल (अधिकृतस्तर आठौं)

११. शान्ति सुरक्षा तथा कारागार व्यवस्थापन शाखा : श्री निर्मल मानन्धर (अधिकृतस्तर सातौं)

१२. सञ्चार तथा सूचना प्रविधि शाखा : श्री नारायण भण्डारी (शाखा अधिकृत)

१३. भूमि व्यवस्थापन शाखा : श्री केशव कुमार ढकाल (शाखा अधिकृत)

१४. यातायात व्यवस्थापन शाखा : श्री सुभाष कार्की (अधिकृतस्तर आठौं)

१५. प्राविधिक शाखा : श्री बसन्त कुमार साह (ईन्जिनियर आठौं)

१६. आर्थिक प्रशासन शाखा : श्री ढकराज कटुवाल (अधिकृतस्तर छैठौं)

## ६. आ.व. २०७९/०८० माघ, फाल्गुण र चैत्र महिनामा यस मन्त्रालयबाट सम्पादित कार्यहरुः

### क) प्रशासन तथा योजना महाशाखा

- मन्त्रालय परिसरमा आवास तथा विपद् गोदामघरको निर्माण कार्य भईरहेको
- करारमा कार्यरत कार्यालय सहयोगी, हलुका सवारी चालक र इलेक्ट्रिसियनको करार म्याद थप गरिएको,
- प्रजातन्त्र दिवसका अवसरमा २०७९।११।०६,०७ र ०८ विभिन्न कार्यक्रम गरिएको,
- नियमित दैनिक प्रशासनिक कार्यहरु निरन्तर भैरहेको ।

### ख) यातायात व्यवस्था महाशाखा

- कोशी प्रदेशमा प्रशिक्षण केन्द्र २० वटा दर्ता, नविकरण ११ वटा र वर्कसप ४ वटा दर्ता भएको।
- दरबन्दी संख्याः १०
- यातायात व्यवस्था कार्यालय/सेवा कार्यालय, कार्यालय प्रमूखहरुको नाम र सम्पर्क ठेगाना

| क्र.सं. | नाम थर | पद | कार्यालय | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १. | राजकुमार गुप्ता | अ.आठौं(मे.ई.) | या.व्य.का., सवारी, इटहरी | ९८४२०२०९६५ | tmo.sunsari1@gmail.com |
| २. | पदम कट्टेल | अधिकृत आठौं | या.व्य.का., विर्तामोड, झापा | ९८४२६५४६८६ | tmo.jhapa@gmail.com |
| ३. | टंकप्रसाद प्रसाईं | अधिकृत आठौं | या.व्य.का.,स.चा.अ.प इटहरी. | ९८५२६५५०२९ | tmo.sunsari2@gmail.com |
| ४. | गोपाल दहाल | अधिकृत सातौं | या.व्य.का. ओखलढुङ्गा | ९८५२८४३८८८ | tmo.okhaldhunga@gmail.com |
| ५. | छविलाल खतिवडा | अधिकृत सातौं | या.व्य.से.का., इलाम | ९८५२६८०१९७ | tmo.ilam2@gmail.com |
| ६. | श्याम लिम्बू | अधिकृत सातौं | या.व्य.से.का, उदयपुर | ९८५२८३५७२७ | tmo.udayapur@gmail.com |
| ७. | पाक्रम खाँ | अधिकृत सातौं | या.व्य.से.का, विराटनगर | ९८४२३९९२२७ | tmo.biratnagar@gmail.com |
| ८. | लोकेन्द्र फागो | अधिकृत सातौं | या.व्य.से.का, धनकुटा | ९८५२०६१८४० | tmo.dhankuta@gmail.com |

- २०७९ चैत्र मसान्तसम्म यातायात कार्यालयहरुबाट संकलन भएको जम्मा राजश्व रु.२,६०,७९,०४,८८२।— (अक्षरेपी रु. दुई अर्ब साठी करोड उनासी लाख चार हजार आठ सय बयासी मात्र) ।

## ग) भूमि व्यवस्थापन शाखा

| सि.नं. | कार्यालय | पद | कार्यालयको मो.न. | कार्यालय प्रमुख नाम | कार्यरत पद | व्यक्तिगत मोबाइल नम्वर | टेलिफोन नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | मा.अ. | ९८५२६६०१९६ | निर्मल शेर्पा | नायब सुब्बा | ९८५२६८०८७८ | ०२४-४६०१९६ | taplejung@dolma.gov.np |
| २ | पाँचथर | मा.अ. | ९८५२६८४१९६ | सरोज भट्ट | मालपोत अधिकृत | | ०२४-५२०१९६ | panchthar@dolma.gov.np |
| ३ | इलाम | प्र.मा.अ | ९८५२६८१७९९ | जसबहादुर राई | प्रमुख मालपोत अधिकृत | ९८५२६३००२१ | ०२७-५२००२१ | ilam@dolma.gov.np |
| ४ | मंगलवारे- इलाम | मा.अ. | ९८५२६८४१४५ | सुवास दाहाल | नायब सुब्बा | | ०२७(४००१४५ | mangalbare@dolma.gov.np |
| ५ | चन्द्रगढी- झापा | प्र.मा.अ | ९८५२६५५०८१ | योगेन्द्र प्रसाद दुलाल | प्रमुख मालपोत अधिकृत | ९८४१३६५९९४ | | bhadrapur@dolma.gov.np |
| ६ | दमक-झापा | प्र.मा.अ | ९८५२६८३६६१ | हिमालय बराल | प्रमुख मालपोत अधिकृत | | ०२३-५८०६६१ | damak@dolma.gov.np |
| ७ | तेह्थुम | मा.अ. | ९८५२०६०१९६ | सन्दिप न्यौपाने | नायव सुब्बा | ९८४२०५९४१९ | ०२६-४६०१९६ | terhathum@dolma.gov.np |
| ८ | सक्रान्ति बजार-तेह्थुम | मा.अ. | ९८५२०८०५४४ | रामजी पौडेल | नायव सुब्बा | ९८४२३४७८२७ | | sakrantibazar@dolma.gov.np |
| ९ | धनकुटा | प्र.मा.अ | ९८५२०६१२७१ | तारानाथ दंगाल | प्रमुख मालपोत अधिकृत | ९८४२६५७०१६ | ०२६-५२२२७१ | dhankuta@dolma.gov.np |
| १० | इनरुवा-सुनसरी | प्र.मा.अ | ९८५२०४१३९८ | विष्णु प्रसाद सिटौला | प्रमुख मालपोत अधिकृत | ९८४११३७०२९ | ०२५-५६०१३६ | inaruwa@dolma.gov.np |
| ११ | धरान-सुनसरी | प्रा.मा.अ | ९८४२६३३०२७ | चन्द्र प्रसाद मिश्र | प्रमुख मालपोत अधिकृत | ९८४१६२६०८५ | ०२५५२८२३६ | dharan@dolma.gov.np |
| १२ | बिराटनगर-मोरङ | प्र.मा.अ | ९८५२०३१२५३ | दिपक कोइराला | प्रमुख मालपोत अधिकृत | | ०२१-५२७२०२ | biratnagar@dolma.gov.np |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | बेलवारी-मोरङ | प्र.मा.अ | ९८५२०३१९४४ | भानुभक्त न्यौपाने | प्रमुख मालपोत अधिकृत | | ०२१-४३४२४९ | belbari@dolma.gov.np |
| १४ | रङ्गेली-मोरङ | मा.अ. | ९८५२०३४६८० | सुनिल पौडेल | मालपोत अधिकृत | | ०२१-५८०६८० | rangeli@dolma.gov.np |
| १५ | खाँदवारी-संखुवासभा | मा.अ. | ९८५२०५८२२४ | चेतनाथ पराजुली | मालपोत अधिकृत | ९८४२६५४६८६ | ०२९-५६०१९६ | khadbari@dolma.gov.np |
| १६ | चैनपुर-संखुवासभा | मा.अ. | ९८५२०५१४५१ | मदन कुमार कोइराला | नायब सुब्बा | ९८५२०६१९९९ | ०२९५७०१५१ | chainpur@dolma.gov.np |
| १७ | भोजपुर | मा.अ. | ९८५२०५२१९६ | शशिवावु रेग्मी | मालपोत अधिकृत | | ०२९-४२०१९६ | bhojpur@dolma.gov.np |
| १८ | दिङ्गला-भोजपुर | मा.अ. | ९८५२०५३१९६ | रुद्र बहादुर खत्री | नायब सुब्बा | ९८४४६४२०७८ | ०२९४२११३४ | dingla@dolma.gov.np |
| १९ | सोलुखुम्बु | मा.अ. | ९८५२८५१२९६ | युवराज भुजेल | नायब सुब्बा | | ०३८(५२०१९६ | solukhumbu@dolma.gov.np |
| २० | ओखलढुङ्गा | मा.अ. | ९८५२८४१२०१ | नीर कुमार ढुंगाना | नायब सुब्बा | | ०३७-५२०२०१ | okhaldhunga@dolma.gov.np |
| २१ | खिजीफलाटे-ओखलढुङ्गा | मा.अ. | ९८५२८४२५५५ | लाल वहादुर सुनुवार | नायव सुब्बा | ९८४२८१०९५१ | | khijifalate@dolma.gov.np |
| २२ | दिक्तेल- खोटाङ | मा.अ. | ९८५२८४९१९६ | रविन मगर | मालपोत अधिकृत | ९८४१७५५५८१ | ०३६-४२०१९६ | khotang@dolma.gov.np |
| २३ | खोटाङ्गबजार-खोटाङ | मा.अ. | ९८५२८४९८६७ | लक्ष्मी प्रसाद आचार्य | नायब सुब्बा | | ०३६(४१३०४३ | khotangbazar@dolma.gov.np |
| २४ | गाईघाट- उदयपुर | प्र.मा.अ | ९८५२८३५८०१ | कुमार बहादुर खड्का | प्रमुख मालपोत अधिकृत | | ०३५-४२०२०१ | udayapur@dolma.gov.np |
| २५ | कटारी-उदयपुर | मा.अ. | ९८५२८३६४१२ | प्रेमराज निरौला | नायव सुब्बा | ९८४२८५१२६७ | ०३५-४५०५१२ | katari@dolma.gov.np |

कोशी प्रदेशमा रहेका २५ वटा मालपोत कार्यालयको एकमुष्ठ मासिक राजस्व विवरण

| सि.न. | महिना | एकमुष्ठ राजस्व | कैफियत |
|---|---|---|---|
| १ | श्रावण | २१७००६४६४ | |
| २ | भाद्र | ३०१७४३८९३ | |
| ३ | असोज | २२६१६१३२७ | |
| ४ | कार्तिक | २०१७९४२०२ | |
| ५ | मङ्सिर | २२७७७८२१६ | |
| ६ | पौष | ४०४४६५३१७ | |
| ७ | माघ | ३२९६३३०६५ | |
| ८ | फाल्गुन | ३२८०५४३२८ | |
| ९ | चैत्र | ४१३२४८५७० | |
| | जम्मा | २६४९८८५३८२ | |

## घ) शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा

१. सुरक्षित सीमा सुरक्षित जीवन विषयक एक दिवशीय अभिमुखिकरण कार्यक्रम तथा जेष्ठ नागरिक लक्षित निःशुल्क उपचार शिविर, हरिनगरा गा.पा. र रंगेली न.पा. मा सम्पन्न भएको।

२. प्रदेश सुरक्षा समन्वय समितिको बैठक चार पटक भएको।

३. प्रदेश ज्वाइन्टसेलको बैठक दुई पटक भएको।

४. प्रदेश सुरक्षा नीति मस्यौदा कार्यदलको बैठक पाँच पटक भएको।

५. प्रदेश सुरक्षा नीति मस्यौदा उपर सरोकारवालाहरुसँग अन्तरक्रिया सम्पन्न भएको ।

## ङ) कानून तथा प्रदेश सभा मामिला महाशाखा

- यस मन्त्रालयबाट ४ वटा कानून (प्रदेश निजामती सेवा ऐन, २०७९, केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७९, आर्थिक सहायता कार्यविधि, २०७९ र मुख्यमन्त्री एकीकृत अत्यावश्यक सेवा केन्द्र व्यवस्थापन कार्यविधि, २०७९) तर्जुमा गरिएको ।
- केही प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्ने विधेयक प्रदेश सभामा दर्ता गरिएको ।
- विभिन्न प्रदेश मन्त्रालय, निकाय र कार्यालयहरुबाट तयार पारिएको १८ वटा मस्यौदाहरुमा राय सहमति दिईएको ।
- प्रदेश सुरक्षा नीतिको निर्माणको लागि प्रारम्भिक मस्यौदा तयार तथा विज्ञ परामर्श लिई प्रदेशका सुरक्षाका सरोकारवाला मन्त्रालय, निकाय तथा पालिकाहरुसँगको अन्तरक्रिया छलफल कार्यक्रम गरिएको ।
- कानूनसम्बन्धी जनचेतना अभिवृद्धि गर्न सामुदायिक विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि ४ जिल्ला (झापा, ईलाम, ताप्लेजुङ र पाँचथर ) मा कानून सचेतना कार्यक्रम गरिएको,
- महिला हिंसा बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा न्यूनीकरणको लागि सामुदायिक विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि ४ जिल्ला (झापा, ईलाम, ताप्लेजुङ र पाँचथर ) मा जनचेतनामूलक कार्यक्रम गरिएको,
- प्रदेश सरकार (मन्त्रिपरिषद्) तथा प्रदेश प्रमुखको कार्यालयबाट प्रमाणित भई राजपत्र छपाईका लागि प्राप्त ९ वटा कानूनहरुको सम्पादन र प्रकाशन गरी १२०० थान राजपत्रहरु छपाई तथा वितरण गरिएको ।

## च) विपद् व्यवस्थापन शाखा :

प्रकोप जोखिम नक्साङ्कन तथा विकास निर्माण कार्यबाट हुने सम्भावित विपद् जोखिम न्यूनीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रम तेह्रथुम, पाँचथर र ताप्लेजुङमा सम्पन्न गरियो।

१. लागत सहभागिता वापतको रकम भोजपुर, संखुवासभा, खोटाङ, धनकुटा र झापामा पठाईएको।

२. तेह्रथुम जिल्लामा भएको आगलागीका कारण घर क्षति भएका पीडित परिवारलाई जम्मा रु. ५,२०,०००।- राहत रकम जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराइएको।

३. मुख्यमन्त्री अत्यावश्क सेवाकेन्द्र (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७९ स्वीकृत गरिएको।

४. मुख्यमन्त्री अत्यावश्यक सेवाकेन्द्र सम्झौता रंगेली केन्द्र रहने गरी रंगेली न.पा., सुनवर्षी न.पा., धनपालथान गा.पा., कानेपोखरी गा.पा. र तेह्रथुमको आठराईमा केन्द्र रहने गरी आठराई गा.पा. र फेदाप गा.पा.सँग सम्झौता सम्पन्न ।

५. मुख्यमन्त्री अत्यावश्क सेवाकेन्द्र निर्माणका लागि अर्जुनधारा नगरपालिका, झापामा DPR स्वीकृत गरिएको।

## छ) सूचना प्रविधि शाखा :

- जिल्ला पत्रकार महासंघ संखुवासभालाई भवन निर्माणको सम्झौता गरिएको रु.३०,००,०००।- (तीसलाख मात्र) - चैत्र महिना
- २०८० सालको क्यालेण्डर छपाई गर्ने कार्यक्रम सम्पन्न भएको - रु.५,००,०००।- (पाँचलाख मात्र) - चैत्र महिना
- यातायात व्यवस्था कार्यालयहरुसँग सम्बन्धित २ स्थानका लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्नका लागि सम्झौता भएको - रु.४,८५,५००।— (चारलाख पचासी हजार पाँचसय मात्र) - माघ महिना
- नेपाल पत्रकार महासंघ जिल्ला शाखाहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनका लागि सम्झौता भएको - रु.४२,००,०००।- (बयालीस लाख मात्र) - माघ महिना
- फागुन र चैत्र महिनामा रेडियो एफ.एम. प्रसारण गरे बापतको रोयल्टी र जरिवाना वापत रु.५३,६२७।- (त्रिपन्न हजार छ सय सत्ताइस मात्र) राजश्व संकलन भएको ।

## ज) प्रहरी प्रशासन तथा अनुसन्धान शाखा :

जनयुद्ध, दोस्रो जन आन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने १४३७ परिवारलाई रु. १३ करोड साठी लाख सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत् उपलव्ध गराईएको ।

## झ) हामी स्वयम्सेवी अभियान कार्यक्रम :

१) हामी स्वयम्सेवी अभियान अन्तर्गतको लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापनसम्बन्धी सचेतनामूलक **भिडीयो सहितको शीर्ष गीत** निर्माण सम्पन्न गरियो ।

२) हामी स्वयम्सेवी अभियान अन्तर्गतको लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापनसम्वन्धी **टेलिभिजन कार्यक्रम** विराट टेलिभिजन इटहरी मार्फत् प्रशारण भैरहेको छ ।

३) हामी स्वयम्सेवी अभियान अन्तर्गतको लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापनसम्वन्धी **पाक्षिक रेडीयो कार्यक्रम** रेडीयो नागरिक विराटनगर मार्फत् प्रशारण भैरहेको छ ।

४) डायरी निर्माण कार्य सम्पन्न गरियो ।

५) प्रधानाध्यापक तथा शिक्षक नायक अभिमुखिकरण" कार्यक्रम भोजपुर, संखुवासभा, तेह्रथुम, धनकुटा, ताप्लेजुङ, पाँचथर, इलाम र सोलुखुम्बु जिल्लामा सम्पन्न गरियो ।

६) "लागु औषध नियन्त्रण तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम "अन्तर्गत कविता प्रतियोगिता कार्यक्रम भोजपुर, संखुवासभा, तेह्रथुम, धनकुटा, ताप्लेजुङ, पाँचथर, इलाम र सोलुखुम्बु जिल्लामा सम्पन्न गरियो ।

७) मोरङ बाहेक प्रत्येक जिल्लामा जिल्ला संयोजकहरु सँग नियमित सम्पर्कमा रही

- जिल्लास्तरीय अनुगमन समिति,
- स्थानीय तहस्तरीय समन्वय तथा सहजीकरण समिति,
- विद्यालय तहको कार्यक्रम कार्यान्वयन समिति निर्माण भईरहेको छ ।

८) कोशी प्रदेश अन्तर्गत १३ जिल्लाका ५९० ओटा स्वयम्सेवी समूह पौष महिनासम्म र माघदेखि चैत्र १५ सम्म ६०२ ओटा स्वयम्सेवी समूह गठन गरियो । यसरी ११९२ वटा माध्यमिक विद्यालयमा प्रति विद्यालय १५ जनाको दरले १७८८० स्वयम्सेवक तयार गरिएको छ । बाँकी विद्यालयमा २०८० जेष्ठ १५ गते भित्र स्वयम्सेवी समूह गठन गरिसक्ने लक्ष्य राखिएको छ ।

९) मिति २०७९।१२।१३ गतेका दिन विराटनगरमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण र प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशद्वारा संयुक्त रुपमा आयोजित विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन पूर्व तयारी र प्रतिकार्य सम्वन्धी अन्तरक्रिया तथा अभिमूखीकरण कार्यक्रममा सबै जिल्ला संयोजकहरूलाई सहभागी गराई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको पोर्टलमा स्वयम्सेवी दर्ता प्रक्रियाको जानकारी गराइयो ।

१०) कार्यक्रम निर्देशकलाई राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको प्राविधिक सहयोगमा काठमाडौंमा चैत्र २५ देखि २९ सम्म VMS सफ्टवेयर सम्वन्धी तालीम लिन मन्त्रालय मार्फत पठाइयो ।

११) सम्पूर्ण स्वयम्सेवकहरुलाई २०८० वैशाख मसान्तसम्म राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको पोर्टलमा स्वयम्सेवी दर्ता गराईसक्ने लक्ष्य राखिएको छ ।

## ७. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

मन्त्रालयको वेभसाइटमा मासिक प्रकाशन गर्ने गरिएको हुँदा वेभसाइटमा हेर्न सकिने ।

## ८. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यस मन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

## ९. निर्णय गर्ने प्रकृया र अधिकारी :

मन्त्रालयमा रहेका शाखाहरुको शाखा अधिकृत (सातौं) तहले शुरु टिप्पणी उठान गरी आफूभन्दा माथिको महाशाखा प्रमुख (उपसचिव) समक्ष पेश गर्ने र उपसचिवले राय प्रतिकृयासहित मन्त्रालयको सचिवसमक्ष पेश गर्नुपर्ने छ। मन्त्रालयको सचिवबाट सदर हुने हकमा सचिवबाट टिप्पणी आदेश सदर हुने र माननीय मन्त्रीज्यूबाट सदर हुने टिप्पणी आदेश प्रदेश सचिवको रायसहित माननीय मन्त्रीज्यूसमक्ष सदरका लागि पेश गरिने छ ।

## १०. मन्त्रालय प्रमुख र सूचना अधिकारीको नाम थर र पदः-

क) मन्त्रालयका प्रमुखः- श्री उमेश बस्नेत
पदः- प्रदेश सचिव
मोवाइल नं. ९८५२०७००४५

ख) प्रवक्ता :- श्री अर्जुन निरौला
पद : उपसचिव
मोवाइल नं. ९८५२०७००४७
Email : moialbiratnagar@gmail.com

ग) सूचना अधिकारी/ विपद् फोकल पर्सन/ जे.सी. फोकल पर्सन-

श्री चुडामणी गुरागाईं

पदः- शाखा अधिकृत

मोवाइल नं. ९८५२०२५४९१

Email: planning.moial@koshi.gov.np

घ) गुनासो सुन्ने अधिकारीः- यस मन्त्रालयबाट प्रदान गरिने सेवा सम्वन्धमा कुनै गुनासो वा उजुरी भए सो सुन्ने अधिकारी मन्त्रालयको उपसचिवलाई तोकिएको छ ।

श्री अर्जुन निरौला

पद :- उपसचिव

मोवाइल नं. ९८५२०२५८४८

११. यस मन्त्रालयको **Website:** moial.koshi.gov.np

**Email:** moialprov1@gmail.com,
info.moial@koshi.gov.np
planning.moial@koshi.gov.np
secretariat.moial@koshi.gov.np
yatayat.moial@koshi.gov.np
disaster.moial@koshi.gov.np
law.moial@koshi.gov.np

*नोट : जुन पदाधिकारी सँग पत्राचार गरिने हो, सम्बन्धित पदाधिकारीको ईमेल प्रयोग गरिदिनु हुन अनुरोध छ ।*